# पत्रकार सन्देशको निधन

**भोजपुर, कात्तिक ४।** नेपाल पत्रकार महासंघ भोजपुर शाखाका उपाध्यक्ष सन्देश राईको उपचारका क्रममा ३२ वर्षको उमेरमा निधन भएको छ ।

दम, सुगर तथा उच्च रक्तचापबाट पीडित भई धरानस्थित



वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको आइसीयुमा उपचाररत् राईको उपचारकै क्रममा बिहीबार निधन भएको हो ।

भोजपुरमा रही सक्रिय पत्रकारिता गरिरहेका पत्रकार राई रेडियो भोजपुरमा स्टेसन म्यानेजरको रूपमा कार्यरत हुनुका साथै धरानबाट प्रकाशित ब्लाष्ट दैनिकमा समेत कार्यरत थिए ।

राईको अल्पायुमै निधन भएको घटनाले नेपाल पत्रकार महासंघ स्तब्ध र दुःखी भएको जनाइएको छ । महासंघको तर्फबाट महासचिव रोशन पुरीले शोक विज्ञप्ति जारी गरी भनेका छन्- राईको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक जुझारु र ऊर्जाशील युवा पत्रकार गुमाएको छ भने महासंघले सक्रिय सदस्य गुमाएको छ ।

# बिर्तामोडमा द न्यू रेक्टर ७.८ होटल

**बिर्तामोड, कात्तिक ४।** झापाको बिर्तामोड-५मा द न्यू रेक्टर ७.८ होटल एण्ड लज सञ्चालनमा आएको छ ।

५० लाख रुपैयाँको लागतमा तीन जना ब्यवसायीले संयुक्त रुपमा होटल सञ्चालनमा ल्याएको जनाइएको छ । बिर्तामोडका व्यवसायी मोहन अधिकारी, खगेन्द्र ओली र तीर्थ अधिकारीको संयुक्त लगानीमा होटल सञ्चालन गरिएको जनाइएको छ ।

नेपालीको दोस्रो ठूलो पर्व तिहारको पूर्वसन्ध्यामा होटलको उद्घाटन गरिएको सञ्चालक मोहन अधिकारीले जानकारी दिए । होटलको शुक्रबार एक कार्यक्रमका बीच बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटी र बिर्तामोड-५ वडाध्यक्ष रोहित प्रसाईले संयुक्त रुपमा उद्घाटन गरेका छन् ।



होटलको उद्घाटन गर्दै प्रमुख अतिथि शिवाकोटीले आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरेर होटल सञ्चालनमा ल्याएको भन्दै शुभकामना दिए । कार्यक्रममा वडाध्यक्ष प्रसाईले बिर्तामोडमा एकपछि अर्को ठूला होटल सञ्चालनमा आउनु खुशीको कुरा भएको उल्लेख गरे । उनले व्यवसायीलाई ग्राहकको सन्तुष्टिमा ध्यान दिन सुझाव समेत दिएका छन् ।

कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजु न्यौपाने, जीवन खड्का लगायतको सहभागिता रहेको थियो । ९ वटा कोठासहित सञ्चालनमा आएको होटलमा १० जनाले प्रत्यक्ष रुपमा रोजगारी पाएको सञ्चालक अधिकारीले जानकारी दिए ।

होटलमा स्टार होटल जतिकै खाना तथा अन्य परिकार खुवाइने जनाइएको छ । भारतबाट ल्याइएका कुकले खाद्य परिकार तयार पर्ने जनाइएको छ । साथै हरेकसाँझ सांगीतिक कार्यक्रम समेत आयोजना गरिने बताइएको छ ।

## महंगी ...

आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार भदौ मसान्तसम्ममा चालू खाता २९ करोड १७ लाख अमेरिकी डलरले घाटामा रहेको देखिएको हो । गतआर्थिक वर्ष २०७८/०७९ को सोही अवधिमा चालू खाता घाटा रु. एक खर्ब छ अर्ब आठ करोड बराबर रहेको थियो ।

त्यस्तै भदौ मसान्तसम्ममा शोधनान्तर स्थिति रु. २३ अर्ब ६८ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. ९४ अर्ब ८० करोडले घाटामा रहेको थियो । चालू आर्थिक वर्षको पहिलो दुई महिना अवधिमा विदेशी विनिमय सञ्चितिमा पनि कमी आएको छ । गत असार मसान्तमा रु. १२ खर्ब १५ अर्ब ८० करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चितिमा दुई दशमलव दुई प्रतिशतले कमी आई भदौ मसान्तमा रु. ११ खर्ब ८९ अर्ब १६ करोड कायम भएको छ ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकसँग रु. १० खर्ब ५१ अर्ब ५३ करोड र बैंक तथा वित्तीय संस्थासँग रु. एक खर्ब ३७ अर्ब ६३ करोड रहेको छ । भदौ मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ दशमलव तीन प्रतिशत रहेको छ । चालू आर्थिक वर्षको पहिलो दुई महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले नौ महिनाको वस्तु आयात र सात दशमलव सात महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिएको छ ।

यही अवधिमा विदेशी विनिमय सञ्चितिको कूल गार्हस्थ्य उत्पादन, कूल आयात र विस्तृत मुद्रा प्रदायसँगका अनुपात क्रमशः २४ दशमलव पाँच प्रतिशत, ६४ दशमलव छ प्रतिशत र २१ दशमलव आठ प्रतिशत रहेको छ ।

## विश्वकप ...

शुल्क नलाग्ने भए पनि यो वर्ष नेपालीहरुबाट प्रति सेटअपबक्स ५ सय रुपैयाँ असुल गर्ने व्यवस्था गरिएको छ ।

विश्व फुटलव महासंघबाट त्यसको प्रसारको अधिकार मिडिया हब प्रालिले ल्याएको हो । प्रशारण भने हिमालयन टेलिभिजनबाट हुने छ । ग्राहकबाट उठाइएको पैसा टेलिभिजन नेटवर्क प्रसारकहरुले ३० प्रतिशत र मिडिया हबले ७० प्रतिशत पाउने छन् ।

## चुनावमा ...

बताउँछन् । उनले भने- त्यस्ता गतिविधि हुनसक्ने कुरालाई मध्यनजर गरेर हामीले गतिविधिहरूलाई नियाल्ने, चनाखो हुने र प्रहरीसँगको सहकार्य एवम् सूचना आदानप्रदान भए अनुसार अनुसन्धान गर्ने गरिरहेका छौँ ।

विभिन्न निकायहरूसँग सहकार्य तथा सूचना आदानप्रदान भइरहेको छ । हाम्रो कार्य योजनामा त्यसलाई समेटेका छौँ । नेपाल राष्ट्र बैंकका सह प्रवक्ता नारायणप्रसाद पोखरेल चाहिँ चुनावका बेलामा मात्र होइन राष्ट्र बैंक यस्ता कुरामा सँधै चनाखो रहेको बताउँछन् । उनी भन्छन्- हामीले विकास गरेको प्रणाली र नियमका हिसाबले पनि त्यस्तो पैसा आएको शङ्का लागे स्वतः हामीसम्म सूचना आइपुग्छ । चुनाव हुँदा पनि नहुँदा पनि हामी यस्तो विषयमा चनाखो रहेका छौँ ।

**पूर्व गभर्नर के भन्छन् ?**

पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्री शक्ति र स्रोतको सम्बन्ध अन्योन्याश्रित हुने गरेकाले चुनावका बेला विभिन्न माध्यमबाट धन खर्च हुने ठान्छन् । तर, त्यसको ठोस प्रमाणको अभाव हुने भएकाले तोकेरै भन्न नसकिने उनको मत छ ।

शक्ति र स्रोतको त्यस्तो अन्योन्याश्रित सम्बन्ध हुने भएकाले नै यति बेला आफूले चाहेको मान्छेलाई जनप्रतिनिधि बनाउन सकेमा पछि नीतिगत फेरबदल गरेर पनि हामी फाइदा लिन सक्छौँ भन्ने हुने रहेछ- उनले भने । त्यसका लागि मानिसहरूले पैसा खर्च गर्ने रहेछन्, त्यसको स्रोत के हो भन्ने अनौपचारिक रूपमा खर्च भएकाले ठम्याउन नसकिने पनि हुनसक्छ ।

कतिपयले अहिले तरलता अभाव रहेका बेलामा जसरी भए पनि पैसा आए राम्रै हुन्छ भन्ने पनि ठान्ने गरेको उनको भनाइ छ । तर, त्यसले देशको अर्थतन्त्रलाई मात्र नोक्सान गर्ने होइन, राज्य विप्लव तथा हातहतियारमा समेत खर्च हुने अवस्था बन्नसक्ने चेतावनी उनी दिन्छन् । वीवीसी

# सूर्यग्रहणः स्वाती नक्षत्र र तुला राशीलाई कष्ट

**काठमाडौं, कात्तिक ४।** कात्तिक कृष्ण औँशीका दिन यही कात्तिक ८ गते मङ्गलबार लाग्ने ग्रस्तासत खण्डग्रास सूर्यग्रहण स्वाती नक्षत्र र तुला राशीका व्यक्तिलाई अतिकष्ट रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

समितिले प्रकाशन गरेको वि.सं. २०७९ को राष्ट्रिय पञ्चाङ्गमा उल्लेख भए अनुसार कात्तिक ८ गतेको ग्रहण फलअनुसार मेष राशी भएकालाई स्त्रीपीडा, वृष राशीकालाई सुख, मिथुन राशीकालाई चिन्ता, कर्कट राशी भएकालाई व्यथा र सिंह राशी भएकालाई श्रीप्राप्तिको योग रहेको छ । यसैगरी कन्या राशी भएकालाई क्षति, तुला राशीलाई घात, वृश्चिक राशीलाई व्यय, धनु राशीलाई लाभ र मकर राशीलाई सुखको फल रहेको छ ।

कुम्भ राशीकालाई माननाश र मीन राशी भएकालाई कष्टको योग रहेको छ । दिउँसो ४:५२ बजेदेखि ग्रहणले स्पर्श गर्ने छ । ग्रहणकै अवस्थामा बेलुकी ५:२४ बजे सूर्यास्त हुनेछ । नेपालबाट करिब ३२ मिनेट ग्रहण देखिने छ ।

बेलुकी करिब साढे ७ बजेसम्म ग्रहण रहने जनाइएको छ । शास्त्रीय मान्यता अनुसार सोमबार राति ४:५२ बजेदेखि नै बाल, वृद्ध र आतुरबाहेकलाई भोजन निषेध हुने पनि समितिको पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ ।

## यस ...

आफू झापावासी नै भएको र क्षेत्र नं. २मा आफ्नो जित निश्चित रहेको उनको भनाइ छ । झण्डै बाह्र बर्ष अघि पार्टीहरुले जनतालाई मन नपरेका उम्मेदवारलाई बहिष्कार गर्न पाउने अधिकार 'राइट टु रिजेक्ट' को कानून बनाउन दिएको निर्देशनात्मक आदेश अझै पनि दल र सरकारले अवज्ञा गरिरहेको उनले बताए । आफू झापा २मा निर्वाचित भए इमान्दार भएर ५ बर्षसम्म काम गर्ने र आफूले गरेका वाचा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । आम जनसमुदायमा आफू क्रस कुखुरी चुनाव चिन्ह लडेर मैदानमा आएको र मतदान गर्दै विजयी गराइ दिन हुने आम मतदातासँग अपिल समेत गरेका छ ।

## सिनो ...

कार्यक्रममा जेष्ठ प्रेमिल जोडी बझारु राजवंशी-पानो राजवंशी, रत्नप्रसाद खतिवडा-लीला कुमारी खतिवडा, अविराम साह-तारादेवी साह, हरिप्रसाद-हरिमाया पाठक, चूडामणि- चित्रादेवी दाहाल, देवकुमार- रत्नादेवी राजवंशी, दिलवहादुर-ललिमाया राई, सुनदरला-उर्मिलादेवी गणेशलाई सम्मान गरिएको थियो ।

सामाजिक व्यक्तित्वका रुपमा वावुलाल टुडू, सुभाषचन्द्र सिंह राजवंशी, धनपति उप्रेती, चन्द्रप्रकाश योङ्हाङ, राम प्रसाद गणेश, उत्तमकुमार सुवेदीलाई सम्मान गरिएको थियो । त्यस्तै एकल महिला सीता पाठकलाई समेत सम्मान गरिएको थियो ।

श्रष्टा सम्मानतर्फ चिरञ्जीवी काफ्ले, बिनोद विवश, केशव आचार्य, पवन राजवंशी, विष्णुकुमार भट्टराईलाई समेत सम्मान गरिएको थियो । त्यस्तै बाह्रदशी निवासी शिवराम लिम्बूलाई आविष्कारकका रुपमा सम्मान गरिएको थियो । त्यस्तै उत्कृष्ट नृत्यकारका रुपमा स्वीकृति सुवेदीलाई सम्मान गरिएको थियो । यता संस्थागत सदस्यता ग्रहण गर्नेलाई समेत सम्मान गरिएको थियो ।

यसैबीच प्रतिष्ठान स्थापनाका लागि सहयोग पुर्‍याउने युवा व्यवसायी चान महमदलाई समेत सम्मान गरिएको थियो । 'बाह्रदशी साहित्य तथा कला प्रतिष्ठान'का सन्तोष सुवेदीले स्वागत गरेको कार्यक्रमको सञ्चालन गौरीशंकर माविका शिक्षक लोचनकुमार गुरागाँईले गरेका थिए ।

## घरजग्गाको ...

यस क्षेत्रका जानकारको भनाइ छ ।

घर जग्गामा हुने ऋण लगानीलाई केन्द्रीय बैंकले अनुत्पादक क्षेत्रका रुपमा घोषणा गरेको छ । काठमाडौँ उपत्यकामा ३० प्रतिशत र उपत्यका बाहिर ४० प्रतिशत बराबर मात्रै ऋण उपलब्ध गराउने भन्ने व्यवस्था चालू आवको मौद्रिक नीतिमा गरिएको छ ।

विभागका अनुसार चालू आवको पहिलो महिना अर्थात् गत साउनमा घर जग्गाको कारोबारबाट रु. दुई अर्ब ७३ करोड ७२ लाख ४१ हजार बराबर राजश्व सङ्कलन भएको थियो ।

त्यस्तै गत भदौमा रु. तीन अर्ब ५६ करोड २९ लाख तीन हजार नौ सय बराबरको राजस्व सङ्कलन भएको थियो । विभागका अनुसार गत असोजमा मात्रै २७ हजार आठ सय ५० वटा घर जग्गाको कारोबार भएको छ ।

त्यस्तै भदौमा एक लाख आठ हजार आठ सय ८१ वटा कारोबार भएको थियो । साउनमा भने कूल ९८ हजार ६४ वटा कारोबार भएका थिए । कारोबारको मात्रामा समेत गिरावट आएको विभागको विवरणमा देखिन्छ । भूउपयोग नीति अनुसार स्थानीय तहले जग्गाको वर्गीकरण गर्न समय लागेकाले पनि नापी तथा मालपोत कार्यालयमा अपेक्षा गरे अनुसारको घरजग्गाको कारोबार हुन नसकेको बताइन्छ ।

## एक खर्ब ...

अवधिमा यस्तो संख्या चार सय २९ दशमलव पाँच प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद ट्रान्सफर १९ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु. दुई खर्ब छ अर्ब ४६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर छ प्रतिशतले घटेको थियो ।


## वार्षिक साधारणसभा सम्बन्धी सूचना

**आकाशगंगा सूर्योदय बचत तथा ऋण सहकारी संस्था लि. को आर्थिक वर्ष २०७८/०७९ को वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा सम्पन्न हुने निर्णय भएकोले संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरुको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।**

**कार्यक्रमहरु :**
**मिति : २०७९/०७/२८ गते सोमबार**
**स्थान : आदर्श ब्याङ्क्वेट बिर्तामोड-४, झापा**
**समय : दिनको ११:०० बजे**

**अध्यक्ष**

**आकाशगंगा सूर्योदय बचत तथा ऋण सहकारी संस्था लि.**
**बिर्तामोड-५, झापा**


## लजको ...

विशेष सूचनाका आधारमा कात्तिक २ गते प्रहरी बृत्त महाराजगञ्जबाट प्रहरी अधिकृतसहितको टोली उक्त लजमा पुगी उनको साथमा रहेको मोबाइल फोन नियन्त्रणमा लिई चेकजाँच गर्दा मोबाइल फोनमा गेष्ट हाउसमा बस्ने गरेका विभिन्न व्यक्तिहरुका रेकर्डेड भिडियो फेला पारेको थियो ।

त्यसक्रममा उनलाई मोबाइल फोनसहित तत्काल नियन्त्रणमा लिइएको थियो । प्रहरीले उनको साथबाट अश्लील भिडियो रेकर्ड गरिएको आइफोन १२ प्रो म्याक्स समेत बरामद गरेको छ ।

पक्राउ परेका मुकेश माली उपर मुलुकी अपराधसंहिता २०७४को परिच्छेद-५को 'सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताबिरुद्धका कसूर' अन्तर्गत दफा ११८ 'अभद्र व्यवहार गर्न नहुने' मुद्दामा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट ५ दिनको म्याद थप अनुमति प्राप्त भइ प्रहरी बृत्त महाराजगञ्जबाट थप अनुसन्धान भइ रहेको प्रहरीले जनाएको छ ।


**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा**
**१ नं. प्रदेश, नेपाल**

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित २०७९।०७।०५**

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको आ.व. ०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न बिर्तामोड नगरपालिका, झापाभित्र रहनु हुने ईच्छुक कृषक समुह, व्यवसायिक फार्महरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र पशुपंक्षी तथा मत्स्य विकास शाखामा प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गर्न नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

**विशेष जानकारी :**

१. एकपटक संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य आयोजनाबाट अनुदान लिएका अनुदानग्राही वा एकाघरको परिवारलाई ३ वर्षसम्म अनुदान उपलब्ध गराईने छैन ।

| सि.न. | कार्यक्रमको नाम | अधिकतम उपलब्ध हुने अनुदान रकम रु | प्रस्ताव पेश गर्नसक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|
| १ | मिल्क केन अनुदानमा वितरण (संख्या १२) | संकलन गर्ने दुग्धको आधारमा बढीमा २ वटा | दुग्ध संकलन गरी बिक्री गर्ने व्यक्ति (कलेक्टर ) |
| २ | बंगुर तथा बाखाको दाना पिस्ने मेसिन वितरण (संख्या ५) | लागतको ५० प्रतिशत वा बढीमा ४०,०००।- | कम्तीमा १५ जना सदस्य भएको पशुपालन समूह, व्यवसायिक पशुपालन फार्महरु |

प्रस्तावका साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु :

| | |
|---|---|
| १ | आवेदन पत्र |
| २ | आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि |
| ३ | सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि (समुह, पशु फार्मको हकमा ) |
| ४ | पान दर्ता, गत आ.ब.को कर चुक्ता /अडिट रिर्पोटको प्रतिलिपि |
| ५ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि (धनीपुर्जा र मालपोत तिरेको रसिद), लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता पत्रको प्रतिलिपि |
| ६ | सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र |
| ७ | विगत ३ वर्षमा प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्वो-घोषणा पत्र |
| ८ | समुहको हकमा बैठकको निर्णय प्रतिलिपि |
| ९ | लागत साझेदारी गर्ने रकमको श्रोत (बैक स्टेटमेन्ट/बित्तीय सस्थाको प्रतिबद्धता पत्र) |

**तिलचन भण्डारीः उपसचिव**



# URGENT VACANCY ANNOUNCEMENT

A reputed 5 Star property Hotel The Kingsbury Located in Birtamod, Jhapa is calling for applications for below Positions

- **Operation Manager:** Position - 1
- **F&B Manager Position - 1**
- **Executive Housekeeper Position - 1**
- **Cashier:** Position -2
- **Front Office Manager Position - 1**
- **Asst. F&B Manager Position - 1**
- **Stewardess (Ladies) :** Position -4

Interested candidates are requested to send their updated CV to
**hrd@hotelthekingsbury.com**
**Final date for CV submission:**
Note: Only shortlisted candidates will be contacted on the basis of CV received



**पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
Purbanepal Bahu-uddeshyiya Sahakari Sanstha Ltd.

## शेयरधनी सदस्यहरूमा २२औं बार्षिक साधारणसभा सम्बन्धी सूचना

**मितिः २०७९/०७/०४**

यस पूर्वनेपाल वहुउद्देश्यीय सहकारी संस्था लि. कमल-२, झापाको मिति २०७९ साल कात्तिक ०२ गते बसेको सञ्चालक समितिको ७२औं बैठकको निर्णय अनुसार यही मिति २०७९ साल मंसीर ०७ गते बुधबारका दिन संस्थाको २२ औं वार्षिक साधारणसभा सम्पन्न गर्ने निर्णय भए अनुसार उक्त साधारणसभामा सहभागिताको लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारणसभा सम्बन्धी पहिलो संशोधन निर्देशिका २०७६को अधिनमा रही सदस्यको लोकतान्त्रिक नियन्त्रणको सहकारी सिद्धान्त अनुरुप सहकारी संस्थाहरुको साधारणसभा सम्बन्धी निर्णय प्रमाणित गर्न ईकाइगत साधारणसभा गर्नुपर्ने भएकोले निम्न मिति र समयमा प्रतिनिधि छानिने भएको हुँदा आ-आफनो सेवाकेन्द्र अर्न्तगतका ईकाइहरुमा गरिने साधारणसभामा यहाँहरुलाई अनिवार्य उपस्थितिको लागि सूचना गरिएको छ। यसै सूचनालाई आधारमानी इकाइ गत सधारणसभामा सहभागी भई साधारणसभाको प्रतिनिधित्व गरिदिनु हुन हार्दिक अनुरोध छ

**प्रस्तावहरुः**

१. आ.व. २०७८/०७९ को सञ्चालक समितितर्फबाट अध्यक्षको वार्षिक प्रतिवेदन र आ.व. २०७९/०८० को प्रस्तावित कार्यक्रम सम्बन्धमा ।
२. आ.व. २०७८/०७९को लेखा सुपरीवेक्षण समितितर्फबाट लेखा सुपरीवेक्षण समितिको संयोजकको वार्षिक प्रतिवेदन
३. आ.व. २०७८/०७९ वार्षिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा
४. आ.व. २०७९/०८०का लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा
५. साधारणसभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि छनौट सम्बन्धमा
६. विनियम तथा नियमावली पुनर्लेखन सम्बन्धमा
७. नीति तथा कार्यविधि संशोधन तथा निर्माण सम्बन्धमा
८. सदस्यबाट सुझाव सम्बन्धमा
९. विविध

| क्र.स | मिति | सेवा केन्द्र | सयम | कैफियत |
|---|---|---|---|---|
| १. | २०७९/०७/२५ | विर्तामोड /शनिश्चरे | १२:३० | प्रथम ईकाइ |
| २. | २०७९/०७/२६ | चन्द्रगढी | १०:०० | दोश्रो ईकाइ |
| ३. | २०७९/०७/२६ | धुलावारी मेचीनगर | १:३० | |
| ४. | २०७९/०७/२६ | बुधवारे | १०:०० | |
| ५. | २०७९/०७/२७ | दूधे (शिवसाताक्षी) | १०:०० | तेश्रो ईकाइ |
| ६. | २०७९/०७/२७ | सुरुङ्गा | १:३० | |
| ७. | २०७९/०७/२८ | गौरादह | १०:०० | चौथो ईकाइ |
| ८. | २०७९/०७/२८ | गौरीगञ्ज | १:३० | |
| ९. | २०७९/०७/२९ | मधुमल्ला | १०:०० | पाँचौ ईकाइ |
| १०. | २०७९/०७/२९ | सिंहवाहिनी उर्लावारी | १:३० | |
| ११. | २०७९/०७/३० | दमक | १०:३० | छैठौं ईकाइ |
| १२. | २०७९/०८/०१ | तोपगाछी | १०:३० | सातौं ईकाइ |

**माईन्यूट प्रमाणीकरण साधरणसभा कार्यक्रम**
मितिः २०७९ साल मंसीर ०७ गते बुधबार
स्थानः रोडस्टार पार्टी प्यालेस, कमल-५, झापा
समयःविहान ११:०० बजे

**पुनश्चः**
१. प्रतिवेदन सार्वजनिक : मिति २०७९ साल कात्तिक २३ गते मुख्यकार्यालय कमल-२ झापा, समय १:०० बजे
२. मिति २०७९ साल कात्तिक २३ गतेदेखि संस्थाको सबै सेवाकेन्द्रहरुबाट प्रतिवेदन सदस्यहरुलाई उपलब्ध गराइनेछ ।
३. कार्यक्रममा सहभागी हुँदा परिवहन खर्चको व्यवस्था गरिएको छ ।

**प्रेम सापकोटाः अध्यक्ष**



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com